# परमेश्वरले मलाई मुक्त गर्नुभयो

लेखक

ब्रदर डानियल लायन



## Contact:

Church of God
P.O. Box 19087
Maijubahal, Chabahil, KTM, Nepal
E-mail : churchofgodnepal@gmail.com
www.churchofgod.net

## प्रस्तावना

हामीले यो पुस्तक छाप्नुको प्रमुख उद्देश्य भनेको आफ्नै आत्माको शत्रुको बन्धनमा परेकाहरुलाई केही फाइदा पुगोस् भनेर हो। परमेश्वरको दिव्यशक्तिले यस्तो खराव अवस्थामा रहेकाहरुलाई सुधारगरी सफलताको सिढी तिर लान सक्छ। यो पुस्तक बिशेषत लागुपदार्थ दुर्व्यसन र कुलतमा परेकाहरुलाई सत्मार्गमा ल्याउनका लागि लेखिएको हो। पाप र कुलतबाट मुक्ति चाहने जो कोही लागि पनि प्रभुको दिव्यज्योति उपलब्ध छ। शैतानको दास हुनु पर्नेकुनै कारण छैन।

शैतानको घरबाट सन् १९८० मा मुक्त भएपछि, ब्रदर लायनले एउटा संस्था खोल्नु भएको छ। उक्त संस्था तपाईहरुलाई सहयोग गर्न हरदम तयार छ। यदि तपाई उहाँ वा उहाँको संस्थामा पत्रचार गर्न चाहनु हुन्छ भने गोस्पेल ट्रम्पेटको कार्यालय अथवा निम्न ठेगानामा पत्रचार गर्नसक्नुहुन्छ।

**ब्रदर डानियल लायन**

**५८२ एन छौठौं एभिइ**

**अपल्याण्ड, सिए ९१७८६**

**(९०९) ९८५-५७५९**

# अगाडी

येशुख्रिष्ट अहिले पनि शान्तिको दुत हुनुहुन्छ । उहाँ अहिले पनि हाम्रो राजा हुनुहुन्छ । उहाँ देवताहरुको पनि देवता र राजाहरुको पनि राजा हुनुहुन्छ । जव येशु दुःखमा रहेका आत्माहरुलाई सम्बोधन गर्नुहुन्छ तब दुःखमा छटपटाइरहेका दुखित आत्माहरु शान्त हुनेछन् । परहेश्वर धन्य हुनुहुन्छ किनकी जातिखेर म उन्नाइस बर्षदेखि लागु पदार्थ दुर्ब्यसनमा फरेको थिए, मेरो जीवनका चार वसन्तहरु जेलको चिसो छिडीमा वितेका थिए र स्वास्थलाभका लागि कयौं पटक म अपरेसन थ्रिएटरमा लगिएको थिए । मेरो सुन्दर जीव्न दिन प्रतिदिन भताभुङ्ग भइरहेको थियो । मैले परमेश्वरको साथ पाए उहाँ आफ्नो बचन जस्तै पवित्र हुनुहुन्छ । उहाँ जे भन्नु हुन्छ, त्यो गर्नुहुन्छ ।

मेरो अठारौं जन्मदिन भन्दा केही समय अगाडीदेखि मैले लागुपदार्थ सेवन गर्न थाले । म गाजा, चक्कि र अम्ल प्रयोग गर्थे । त्यसको केही समयपछि मेथोड्राइन, हिरोइन, अफिम, डाइलाउडिड, जस्ता पदार्थहरु सेवन गर्न थाले । उक्त समयमा सुईको म दास भइसकेको थिए । जव म जीवनको छत्तिसौ बसन्तामा हिंड्दै थिए, परमेश्वरले मलाई अध्यारो सडक, गल्ली, जुन मेरो बासस्थान बनिसकेको थियो, जहाँ मेरा दिनहरु अँध्यारो कहाली लाग्दो रातजस्तै व्यथित हुन्थे, त्यहाँबाट माथि ल्याउनु भयो । उहाँले मेरो दुखित आत्मालाई सम्बोधन गर्नुभयो र **मलाई बाहिर ल्याउनु भयो ।**



-ब्रदर डानियल लाइन

# परमेश्वरले मलाई मुक्त गर्नुभयो

म धन्य छु किनकी जतिखेर म जीवनरुपि डोरीको अन्त्यमा आइपुगेको थिए, र सुरक्षित हुने बेला आएको थिए। त्यतिखेर म प्रभुको शरणमा आए। जसले रक्षा गर्न सक्नु हुन्थ्यो । म यस्तो धारामा आइपुगे जसले मेरो सम्पूर्ण पाप पखालिदियो। म खुशी छु किनकी त्यहाँ शक्ति छ जसले तपाईको सम्पूर्ण पापलाई पखाल्न सक्कछ। उक्त शक्तिले तपाईका सम्पूर्ण पिढाहरुलाई हटाइ तपाईको मुहार मा दिव्यज्योति प्रवाहित गर्नेछ। प्रभु धन्य हुनुहुन्छ। प्रभुको महान शक्तिको बारेमा धेरैलाई थाहा छैन तर म भित्री हृदयबाट उहाँलाई प्रशंसा गर्छु ।

लगभग तीन बर्षअघि म सन्फ्रान्सिन्सको गल्लिमा भौतारिएर हिंड्ने एक लागुपदार्थ दुर्व्यसनीको अलावा केही थिइन। म उन्नाइ बर्षदेखि हिरोइन, इन्जेक्सन र अन्य लागुपदार्थ सेवन गर्दै आइरहेको थिए। म कहाली लाग्दो र पतीत जीवन बिताइरहको थिए भन्दा अतिसयोक्ति नहोला। यस्तो लाग्थ्यो कि मेरो जीव्नमा कुनै आशा नै थिएन। तर प्रभु आउनुभयो र मेरो आत्मालाई यो अवस्थामा ल्याइदिनुभयो। म कसरी भनौं, बेलुका ४ बजेको थियो होला, म गल्लीको बाटो जादै थिए। पर मेश्वर आउनुभयो अनि भन्नुभयो-'**यदि तिम्रो जीवन म मा समर्पित गर्छौ** र तिम्रो जीवनशैली प्रति तिमी वाक छौ भने, म तिमीलाई येशुमा नयाँ जीवन दिनेछु, तिमीमा नयाँ प्राण भर्नेछु, र जीवन प्रतिको आशा जगाईदिनेछु।'

बाइबलमा उल्लेख छ कि हामी अहिले खतरापूर्ण समयबाट गुज्रिरहेका छौं। शैतानले हाम्रा खुट्टाहरुका लागि बन्धन बनाएको छ। शैतान हाम्रो नजिक छ र युवाहरुलाई सचेत पार्नु परेको छ किनकी उसले जतिखेर पनि आफ्नो पासोमा पार्न सक्छ अथवा उसले हाम्रो आत्मालाई सदाका लागि बन्धनमा पार्न सक्छ। प्रभुको प्रार्थना गरौं ताकि उहाँले हामीलाई जस्तो सुकै बन्धनबाट पनि मुक्त गर्न सक्नुहोस्। प्रभुको प्रार्थना गरौं ताकि हामी उहाँको शक्तिद्धारा नयाँ जीवन जिउन सकौं ।

उन्नाइस बर्षसम्म लागुपदार्थको सुइ लगाउनदा मेरा सबै नशाहरु खतम भइसकेका थिए। हत्केला, हातको पछाडी पट्टिको भाग, खुट्टा लगभग सरीर का सम्पूर्ण अंगहरुमा इन्जेक्सनका डामहरु थिए। एक किसिमले भन्नुपर्दा, म घाउ र खतको थुप्रो नै थिए र उपचारका लागि अस्पताल गइरहनु पर्थ्यो। मेरो वजन घटेर १०० पाउण्ड भन्दा तल पुगिसकेको थियो। अहिले म १ सय ५५ पाउण्ड छु। तपाई थाहा पाउन सक्नुहुन्छ कि परमेश्वरले मलाई कस्तो बनाउनुभयो। मलाई लाग्छ मसँग अलिकति दिमाग बाँकि थियो त्यो पनि बीस डलर पैसा तिरेर अर्को एक डोज नशा कहाँ पाईन्छ भन्ने बारे ।

त्यसरी नै मेरा हरेक पल, हरेक क्षण व्यतित हुन्थे । म यस्तो समुहसँग यात्रा गरि रहेको हुन्थे जहाँ मेरा प्रिय साथीहरु मारिन्थे र कतिलाई छुरी रोपिन्थ्यो । म यस्तो मार्गमा हिड्दै थिए जहाँ म आफ्ना सम्पूर्ण प्राप्तीहरु गुमाउदै थिए । मेरो घर, मेरा आफन्तहरु, मेरो पराइ बनिसकेका थिए । म ती गल्लीहरुबाट टाढा जान खोज्थे तर कुनै सुरक्षित स्थान देख्दिन थिए । सन्फ्रान्सिस्कोका गल्लीहरु, त्यहाँका मिसनहरुमा पाइने खानेकुराहरु मेरा साहारा थिए । नुहाउँने, लुगाधुने, सफा रहने भन्ने कुरा टाढाका बिषय थिए । मेरो दिमागमा सिर्फ नशा(लागुऔषध) कहाँ पाइन्छ भन्ने मात्र हुन्थ्यो । त्यो नर्क जहाँ शैतानको बास छ । हामीलाई उसले जहिले पनि त्यतै जान उत्प्रेरित गर्छ । म पूर्णरुपमा विश्वस्त छु कि त्यस शैतानले तपाईको जीवन पनि चकनाचुर पार्न सक्कछ । हामीले शैतान र उसका दुष्कर्मका बारेमा धेरै कुरा गऱ्यौं तर यदि तपाईले कुनै पाप गर्दै गरेको अवस्थामा उसले तपाईलाई भेट्यो भने तपाईको सुन्दर जीवन परमेश्वर नजिक जानु अघि नै ध्वस्त हुनेछ । शैतानको हातमा पर्नु भनेको धेरै डरलाग्दो कुरा हो ।

म एकदमै तुच्छ जीवन बिताइरहेको थिए, जहाँ कुनै आशा नै थिएन किनकी त्यतिखेर मेरो वरिपरी कुनै क्रिश्चियन मित्र नै थिएनन् । मलाई ख्रिष्टको पुस्तक, ट्रायाक बुकलेट दिने कोही व्यक्ति थिएनन् न त म कसैलाई भेट्ने पक्षमा नै थिए । तर पवित्र आत्मा धन्य हुनुहुन्छ । उहाँ मेरो नजिक आउनुभयो र मसँग कुरा गर्नुभयो । उहाँसँग पवित्र सुसमाचार थियो जसलाई म खोजिरहेको थिए र प्रसन्न चाहिरहेको थिए । उहाँसँग मलाई आनन्दित ध्वनी सुने र पुलकित भए । मैले मेरो हृदयमा एक किसिमको परिवर्तन महसुस गरे । आशाको मुना पलाएको महसुस गरे । आशाका किरणहरु फेरी आउन थालेकोमा हृदय खुशीले उठिरहेको आभाष हुन्थ्यो किनकी प्रभुमा त्यो शक्ति थियो जसले मलाई परिवर्तन गरिरहेको थियो ।

जतिखेर म कुलतमा फसेको थिए जिउँने आसा अगभग मरिसकेको थियो । त्यति खेर म आफूलाई हेर्दा पूर्ण रुपमा कुलतमा फसेको व्यक्तिको रुपमा पाउथें । मैले चुरोट खाएको २० बर्ष भइसकेको थियो । हिरोइन र अन्य नशा मेरो आदत भइसकेका थिए र त्यसबाट उम्कने उपाय मसँग थिएन । परमेश्वरको नजिक आउनु केही महिना अघिसम्म कसरी पैसा जम्मा गर्ने र अर्को डोज किन्ने भन्ने बाहेक अरु कुरा म कल्पना पनि गर्न सक्दिन थिए । ओहो ! यस्तो अमर जीवनको अवस्था त्यस्तो । म कल्पना पनि गर्न सक्दिन । म भन्न चहान्छु कि म कुलतबाट कसरी मुक्त भए । प्रभु धन्य हुनुहुन्छ, जसरी उहाँको प्रभावले म बाँच्न सफल भए त्यसरी नै तपाई पनि पुनःजीवन पाउन सक्नुहुन्छ ।

प्रभु धन्य हुनुहुन्छ, मलाई थाहा छ यो सत्य हो । यदि उहाँ मलाई जोगाउन सक्नुहुन्छ भने, जसलाई पनि बचाउन सक्नुहुन्छ ।

म प्रशंसा गर्छु कि प्रभुमा पापबाट मुक्त बनाउने शक्ति छ र म चर्च अफ गडलाई पनि प्रंशंसा गर्छु जसले पापबाट मुक्त हुने उपाय सिकाउछ । उक्त समयमा, पापबाट मात्र मुक्त हुने मेरो चाहना थिएन । उक्त गलत कार्यहरु बार म्बार दोहोऱ्याउने मेरो चाहना थिएन । तर मेरो चाहना सम्पूर्ण गलत कार्य र पापहरुबाट मुक्त हुने थियो । म नयाँ जीवन खोजिरहेको थिए । प्रभु महान् हुनुहुन्छ, मेरो आत्मालाई केही हदसम्म खुसी बनाउने बस्तुको बारेमा मलाई जानकारी थियो । सामान्य खुशी हैन, तर त्यस्तो खुशी जसले हामीलाई चरम उत्कर्षमा पुऱ्याउछ । उक्त खुशीको अभावमा चुप लागेर बस्ने होइन । प्रभु महान हुनुहुन्छ, हामी उक्त खाशी, आनन्द यहि पनि पाउन सक्छौं । प्रभुलाई थाहा छ उहाँ के गर्दै हुनुहुन्छ भनेर । आफ्नो पवित्र चर्चलाई कसरी हेर बिचार गर्ने भन्ने पनि उहाँलाई थाहा छ । आफ्ना मानिसहरुलाई कसरी हेर बिचार गर्ने भन्ने पनि उहाँलाई थाहा छ । चर्च अफ गड त्यस्ता मानिसहरुका लागि दाग र दोष रहित छ जो पवित्र छन्, जसमा पाप, सारीरिक शुख र शैतानका लागि कुनै स्थान छैन । त्यसैले प्रभु महान् हुनुहुन्छ ।

तर हरेक मानव निर्मित चर्चहरुमा पाप, सारिरिक शुख अनि शैतानका लागि स्थान हुन्छ । प्रभु महान् हुनुहुन्छ, चर्च अफ गडमा त्यस्तो कुनै स्थान हुदैन । हामी जस्ताको तस्तै भन्न चाहन्छौं । परमेश्वरका हरेका वाणी र कार्यहरु हामी उद्घोष गर्न चाहन्छौं । प्रभु महान् हुनुहुन्छ, म खुशी छु कि म कुनै साम्प्रदायिक चर्चको फेला परिन न त कुनै व्यक्ति जसले मेरो नजिक आएर भन्यो 'तपाईलाई हामी काउन्सिलर भए ठाउँमा लानेछौं ।' म तपाईलाई विश्वास दिलाउन सक्छु कि येशुसँगको सानो कुराकानीले विश्वका सबै काउन्सिल भन्दा ठूलो काम गर्न सक्छ । तिनीहरुले मलाई जेलमा लगे तिनीहरुले काउन्सिलर र मनोचिकित्सा भए ठाउँमा लगे तर तिनीहरुले मेरो लागि केही गर्न सकेनन् । तिनीहरुले मलाई पाप र कुलतबाट मुक्त राख्न सकेनन् तर प्रभु महान् हुनुहुन्छ । जव म येशुको नजिक गए, उहाँले मेरो सबै समस्या समाधान गर्नुभयो । उहाँले मलाई पापबाट मुक्त गर्नुभयो । परमेश्वर महान हुनुहुन्छ । यो कुरा साँचो हो, साथीहरु उहाँ मुक्तिदाता हुनुहुन्छ । ओ हो, धन्य प्रभु तपाईको अनुकम्पा हामीलाई चाहिन्छ र त्यसलाई हामीले आफ्नो साथ राख्नु पर्छ ।

अहिले हामी अधर्मको समयमा बाँचिरहेका छौं । यो संसार अहिले जति खराव कहिल्यै थिएन । तपाई अहिले बाटामा हिड्नु भयो भने अनेकौं अनौठा चिजहरु देख्न सक्नुहुन्छ । म प्रभुको प्रार्थना गर्छु किनकी **उहाँले यस खराब संसारमा भएका फोहोरी कुराहरुबाट हामीलाई टाढा राख्न सक्नुहुन्छ**

मेरो विगत जीवनबारे तपाईलाई भन्न चाहन्छु । म जेलमा ४ बर्षसम्म बसे र उक्त बसाई कहाली लाग्दो थियो ।

म तपाईहरुलाई कसरी भनौ, यो ठाउँ संसारकै कुरुप स्थान थियो । तपाई कल्पना गर्न सक्नुहुन्छ, त्यहाँ खराब मानिसहरु हुन्छन् । प्रकृति, ईश्वर र समाजको विपरित कार्य गर्ने मानिसहरु । तिनीहरु त्यहाँ एक समुहमा हुन्छन् । र जव तपाईलाई पनि त्यहाँ लगिन्छ तव तपाई उनीहरुको समुहको अर्को सदस्य बन्नुहुन्छ । त्यहाँ ठूलो हिंसाको वातावरण हुन्छ र यो खतरापूर्ण हुन्छ । जेल अन्धकार ठाउँ हो । म अहिले पनि त्यहाँको कर्कस आवाज र गन्ध महसुस गर्न सक्छु र त्यहाँ सुन्न नसकिने छढाको स्मृति अहिले पनि मेरो मानसपटलमा घुमिरहेको छ । त्यति खेर हामी जेलको गेट यताउता गर्दा आउने कर्कस आवाज मात्र सुन्थ्यौं । त्यहाँ कैदीहरुका वेदना, चिच्याहट, करुणा र रोदन सिवाय अन्य चिजको गुन्जयास नै हुदैन थियो । पीडा, दर्द, आर्तनाद अनि भयावह सपनाको आवाजहरु गुञ्जिन्थ्यो । कैदीहरु झगडा गरेको, तिनीहरुको शारिर धारिलो हतियारले काटेको, हातखुट्टा भाँचिएको अनि भोलि पल्ट बिहानै स्ट्रेचरमा बोकेर अस्पताल लगेको दृष्यबाहेक अन्य केही देखिदैन थियो । रातको समयमा गार्डहरुले हामीलाई त्यसै छोडिदिन्थे । त्यसै कारण त्यस्तो घटना हुन्थ्यो

ती दिनहरुले मलाई पापको घरको याद दिलाउछ । त्यस्तो कल्पनासम्म गर्न नसकिने क्षणको अनुभवबाट बाच्न प्रभुसँग धेरै राम्रो उपायहरु छन् । म अहिले पनि त्यहाँको कर्कस ध्वनी सम्झन्छु जुन अधर्मी र निन्दनिय छन्, तर प्रभु महान हुनुहुन्छ, उहाँमा स्वतन्त्रता छ । उहाँले तपाईलाई सुन्दर चिज दिन सक्नुहुन्छ । उहाँले तपाईको **आत्मालाई स्वतन्त्र बनाउन सक्नुहुन्छ** र तपाईको आत्मालाई सन्तुष्ट पार्ने चिज दिनसक्नु हुन्छ । म धन्य छु किनकी प्रभुले मलाई बचाउनु भएको छ । धैरै पल्ट मलाई जेलको चिसो छिडीमा राखियो । मलाई लाग्छ कि सन्फ्रान्सिसकोका ती मानिसहरुले मेरो नाम जान्दथे जसले मलाई जहिल्यै जेलमा लग्थे । यदि तपाई तिनीहरु भए ठाउँमा जानुभयो र मलाई परमेश्वरले बचाउनुभयो भन्नु भयो भन्ने तिनहरुले पत्याउने छैनन् । मलाई लाग्दैन कि ती मानिसहरुले पत्याउने छन् कि म प्रभुद्धारा बाँचे र **परिवर्तन** भए भनेर । म मा आएको परिवर्तन देखेर तिनीहरुले मलाई चिन्दैनन् होला ।

म अठार बर्षको हुदाँदेखि लागुपदार्थ सेवन गर्न थालेको थिए । प्रभुले मलाई बचाउनु अघिसम्म मेरो लागि लागुपदार्थ नै सबथोक थियो । मेरा कुलतका सुरुसुरुका दिनहरुमा पुराना दुव्यसनीहरुलाई देख्थे । लागुपदाथले तिनीहरु पुर्णरुपमा खतम भएको म देख्थे । म उनीहरुलाई हेर्थे अनि सोच्थे.-‘म तिनहिरु जस्तो कहाँ हुन्छु र, मलाई नशाले केही गर्न सक्दैन ।’

के तपाईलाई थाहा छ कि शैतानको पहिलो सिकार भनेकै युवा साथीहरु हुन् ? तपाईलाई पापको गहिराइ तिर लाने उसँग सजिलो बाटो छ । तपाईलाई लाग्न सक्कछ कि तपाई शैतानको घेराबाट टाढा रहन सक्नु हुन्छ

अथवा तपाई उ भएतिर **थाहै नपाई** पुग्न सक्नुहुन्छ- तर म तपाईलाई भन्न चहान्छु यदि तपाईले प्रभुको प्रेमलाई वेवास्ता गर्नुभयो, यदि तपाई उहाँको शक्तिबाट टाढा रहनुभयो, र यदि तपाई प्रकाशमा हिड्नु भएन भने, तपाईले आफूलाई जोखिमतिर लग्दै हुनुहुन्छ । तपाई गलत बाटोतिर जादै हुनुहुन्छ, तपाई त्यस्तो कार्यहरु गर्नु हुनेछ जुन तपाईले कल्पनासम्म पनि गर्नु भएको छैन । म पहिले त्यस्ता मानिसहरुलाई देखेर हास्थें, टाउको हल्लाउथें, यस्तो लाग्थ्यो कि म त्यस्तो खराब कुलतमा कहिल्यै फस्दिन । तर दुःखको कुरा, त्यसको केही समयपछि मेरो हालत पनि उनीहरुको जस्तै हुँदै गयो । म एकदमै खराब अवस्थामा पुगे । मैले धेरैपटक नशाको धेरै मात्रा लिने क्रममा जीवन नै गुमाउने अवस्थामा पुगेको थिए तर पनि मैले परमेश्वरलाई सम्झिन ।

म हलिउड, क्यालिफोर्नियाको एक घटना सम्झन्छु, जतिखेर म केही मानिसहरुसँग थिए जसलाई म आफ्नो साथी सम्झन्थे । त्यहाँ एक अपार्टमेन्टमा हामीले नशाको डोज लियौं । म कोठाबाट केही समयका लागि बाहिर निस्के र जव म अर्को डोजका लागि कोठामा आए, मैले हातमा बाहुला माथि सारे अनि हात फैलए । तिनीहरुले मलाई उक्त ड्रग्स उपहारको रुपमा दिए । तिनीहरुले मलाई मन पराए र साथीको जस्तो व्यवहार गरे । तिनीहरु मध्ये एक जानले मेरो नसामा सुइ हान्यो र पल्जर दवायो । मेरा हात र पाखुरामा पोलेको महसुस गर्न थाल्यो र मलाई त्यतिखेर लाग्यो-'ओहो ! केही गलत भइरहेको छ ।'र त्यो विस्तारै सम्पूर्ण शरिरमा प्रवाहित हुन थाल्यो । मेरो सम्पूर्ण सरिर पोल्न थाल्यो । मेरो जिब्रो सुन्निन थाल्यो र मुख नै थुन्ला जस्तो भयो । मेरो कपाल आगोमा परेर झर्ला जस्तो भयो । त्यो पिडा म व्यक्त गर्न सक्दिन । तिनीहरुले मलाई लागुपदाथृ ओभरडोज हुनेगरी दिए जसले गर्दा मेरो शरिर पूर्णरुपले रातो भयो । यस्तो लाग्थ्यो कि मेरो शरिरका नशाहरु फुट्न खोजिरहेका छन् । उनीहरले थाहा पाए कि मेरो जिब्रो सुन्निएको कार ण बोल्न सकिरहेको थिइन । म बोल्न खोजिरहेको थिए । मैले एक जनालाई हेरें जो मेरो साथी जस्तो लाग्थ्यो । र उसले मलाई भन्यो, 'किन ? किन ?' र तिनीहरुले आफूले गरेको गल्ती महसुस गरे । तिनीहरुले तुरुन्तै मलाई बोकेर बाथरुममा लगे अनि बाथरुममा राखे । मलाई चिसो तौलियाले बेरे, बरफको टुक्रा हाले अनि धार ा खोलि दिए । मलाई लगभग बाह्र घण्टा जति त्यहाँ राखे । मलाई अचेत हुनबाट बचाउन मेरो हात खुट्टामा मसाज गर्न थाले । तिनीहरुले बाह्र घण्टापछि त्यहाँबाट निकाले अनि खाटमा राखे । म त्यहाँ लगभग दुइ दिनसम्म रहें । स्पिडको ओभर डोजका कारण मेरो कपाल झर्न थाल्यो अनि मेरो छाला कालो हुन थाल्यो ।

हलिउडमा अर्को पटक यस्तो ठाउँमा पुगे जहाँ बाँच्नुको कुनै अर्थ नै देखिन । हलिउड र सनसेट ब्लब्डको बीच पर्ने एक होटलको सानो कोठा प्रति हप्ता १२ डलरका दरले भाडामा लिए । त्यहाँ मैले स्टिड(लागुपदार्थ) लिएर गएको थिए । र त्यसलाई टेवलमा राखें । टेवलको छेउमा एउटा कुर्सि राखे । नमरुन्जेलसम्म स्पिड सेवन गर्ने बिचार गरे ।

म बसे अनि एक पूरा चमज स्पिड हालें र त्यसलाई तरल बनाए । मैले त्यसलाई नशामा हाले र त्यसले मलाई कुर्सीबाट भुइमा झाऱ्यो । म बल्ल तल्ल कुर्सीमा बसे र फेरि अर्को डोज हाले । मैले त्यसरी नै तीन पटक डोज हाने र अन्तमा अचेतन भएर भुइमा लडे. । मलाई त्यहाँ अचेतन भएर रहेकै अवस्थामा लगभग १२ घण्टापछि  फेला परियो । म तपाईलाई भन्न चहान्छु, **पाप सुन्दर चिज होइन** । शैतानसँग तपाईलाई नष्ट गर्न चिजहरु धेरै छन् ।

प्रभुको आर्शिवादबाट अहिले म जिवित छु, म प्रभुको आर्शिवादलाई प्रेम गर्छु, प्रमुको आर्शिवादकै कारण उहाँको नजिक पुगे र उहाँले मलाई बचाउनुभयो । उहाँले मेरो आत्मालाई शैतानबाट छुटाउनु भयो, प्रभुको प्रार्थना गरौं । शैतानबाट मुक्त गराउने शक्ति येशुको रगतमा बाहेक अरु कसैमा छेन । **उहाँले तपाईलाई मुक्त गर्नुहुन्कछ ।**

म अहिले पनि सन्फ्रासिस्कोका दिनहरु सम्झन्छु । म त्यहाँ कथित साथीहरुसँग बस्थे । तिनीहरुसँग वेलुन भित्र हिरोइन हुन्थ्यो । (मैले यहाँ गल्लिमा बोल्ने भाषा प्रयोग गरेको छैन ताकि तपाईहरुलाई बुझ्न सजिलो होस्) पुलिस झुक्किएर आइपुग्यो भने निल्न सजिलो होस् भनेर तिनीहरु हिरोइन बेलुनमा बोक्ने गर्थे ताकि हिरोइनलाई फेरि प्राप्त गर्न सकियोस् । म तिनीहरुलाई विश्वास गर्थे र उनीहरुको पछि लाग्थे । म तपाईलाई भन्छु, तपाई शैतानलाई विश्वास नगर्नुस् तर परमेश्वरका मानिसहरुलाई विश्वास गर्नुहोस् । मलाई त्यस्तो लाग्छ र मैले त्यस्तो पाए पनि । मैले यस गोस्पेल जीवनमा धेरै साथीहरु पाए र प्रभुका मानिसहरुमा सच्चा मित्रता पाए । म यो कुरा हृदयदेखि नै भन्न चाहन्छु । तर यस्तो सच्चा मित्रता पापीहरुमा मैले कहिल्यै भेटिन । ती **कथित** मित्रहरु मलाई मुर्ख बनाए ।

हामीहरु हिरोइन इन्जेक्सन लगाउनका लागि एक कोठामा भेला भयौं । तिनीहरुले पहिलो डोज लिनका लागि मलाई अनुरोध गरे । म बसे अनि रवरले पाखुरा बाँधे, इन्जेक्सन लगाउनका लागि नशा खोज्न थाले र इन्जेक्सन हाने । फेरि मलाई लाग्यो कि म गल्ति गर्दै छु । त्यो साच्चै गलत काम थियो ।

त्यतिखेर मेरो शरिर पोलनुको साथसाथै काम्न पनि थाल्यो । मलाई लाग्यो कि नसाको सट्टा ममा विष प्रभावित भइरहेछ । मैले सोचे भन्दा बिलकुल फरक अनुभव गरिरहेथे । त्यतिकैमा विस्तारै मेरा मांसपेशीहरु शिथिल हुन थाले र म भुइमा ढले । मेरो सम्पूर्ण अंगहरु शिथिल भएका थिए । मेरा **सबै** मांसपेशीहरुले काम गर्न छोडे र त्यति नै खेर मलाई झाडापखाला लाग्न सुरु गर्‍यो ।

तिनीहरुले मेरो लुगा फुकाल्न थाले । मेरो जुत्ता अनि मेरो पैसा तिनीहरुले लगे । तिनीहरुले मेरो लुगा फुकालेर लगे र मेरो जुत्ता अनि पैसा पनि लगे । मेरो त्यस्तो अवस्थामा पनि तिनीहरुले दया देखाएनन् । त्यति खेर म पिडाले चिच्याएर कराएँ तर मैले प्रभुलाई सम्झिनँ । मैले त्यतिखेर दिर्घजीवनको बारेमा सोचिन, म सिर्फ पिंडाले छटपटाइरहे ।

म तपाईलाई भन्न चहान्छु कि यदि तपाई मृत्युको संघारमा पुगिसक्नु भएको छ भने त्यहाँ परमेश्वरलाई सम्झन त्यति सजिलो छैन । कार दुर्घटना त्यसैगरी लागु पदार्थ सेवनका कारण उत्पन्न पिंडाले तपाईलाई परमेश्वरलाई सम्झने मौका नदिन सक्छ । त्यसैले अहिले नै परमेश्वरको नजिक जाने कोशिस गरौं नत्र हामी शैतानको शिकार बन्न सक्छौं । म जति पापको गहिराइमा डुबेको थिएँ तपाई त्यो अवस्थामा नहुन सक्नु हुन्छ । म जति समस्यामा थिए तपाई त्यो अवस्थामा नहुन सक्नुहुन्छ । तर म तपाईलाई भन्न चाहन्छु यदि परमेश्वरले मेरो समस्या समाधान गर्न सक्नुभयो भने, उहाँले आफ्ना हातहरु तपाईलाई सहयोग गर्न पनि फैलाउनु हुन्छ ।

त्यतिखेर मेरो जुत्ता पनि थिएन । कसैले मेरो कोट निकाल्न खोज्दै थियो र मसँग भएको अलिकति पैसा पनि तिनीहरले लगे । मैले सुने, 'यसलाई यहाँबाट लैजाऔं । यसलाई होटलको प्रतिक्षा कक्षमा लैजाउँ, त्यहाँ यो मरेपछि पुलिसलाई बोलाउनु पर्छ ।' तिनीहरुले मेरो खुट्टा समाएर घिसार्दै प्रतिक्षा कक्षमा लगे ।(त्यो होटल भाडामा बस्नेहरुको लागि थियो जहाँ ज्यादै थोरै कोठाहरु र बाथहरु थिए ) पुलिसलाई झुक्याउनको लागि तिनीहरले मलाई ट्वाइलेटको पछाडी लगे र सिरिन्ज हाने ताकि मैले आत्महत्या गरेको जस्तो देखियोस् ।

प्रभुले मेरो त्यत्रो ठूलो पापलाई क्षमा दिनुभयो, मैले उहाँलाई सम्झिएको थिइन तर उहाँले हात फैलाउनु भयो अन्यथा म अहिले जीवित रहने नै थिइन । म तपाईलाई भन्न चाहन्छु कि त्यो ठूलो कुरा थियो । म त्यतिखेर खतराको भुमरीमा जकेडिएको थिए, प्रभले मलाई क्षमा गर्नुभयो । त्यसै कारण आज म सुखको जिन्दगी जिइरहेको छु । म अहिले महसुस गर्छु कि म धेरै पटक त्यस्तो खराव अवस्थाबाट गुज्रिरहेको थिए र शैतानबाट मुक्त राख्नको लागि प्रभुले धेरै पटक आफ्ना हातहरु फैलाउनु भएको थियो ।

म त्यतिखेर अर्धचेत अवस्थामा थिए । तिनीहरुले म मरिसकें भनेर पुलिसलाई बोलाए । पुलिसहरु आए तर त्यो अवस्थामा पनि मैले प्रभुलाई सम्झिन । म सन्यद्धारा पालिएको थिए र मलाई थाहा थियो कि येशुको रगतमा कति शक्ति छ, तर पनि प्रभुलाई सम्झिन । के तपाई कल्पना गर्न सक्नुहुन्छ ? म मृत्युको संघारमा थिए तर पनि दिर्घजीवन र परमेश्वरलाई सम्झन सकिन ।

तिनीहरु आए अनि मलाई स्ट्रेचरमा राखे, तिनीहरुले बोलेको म सुनिर हेको थिए । त्यति खेर मेरो वजन १ सय पाउण्ड भन्दा पनि कम थियो, म धेरै कमजोर भइसकेको थिए । शरिरमा हड्डी र छाला मात्र बाँकि थियो । मलाई स्ट्रेचरमा बोकेर तल लगे अनि एम्बुलेन्समा राखे । अहिले म त्यो एम्बुलेन्सको र ातोबत्ती घुमेको मात्र सम्झन सक्छु । त्यतिखेरको मेरो सोचाइ म सम्झन्छु, 'मेर ो पाइन्टको बाहुला भित्र चक्कि सिलाएर राखेको छु । मैले ती चक्कीहरुलाई निकालेर राख्नुपर्छ ताकि यहाँबाट उम्कने बित्तिकै सेवन गर्न सकौं । म ती चक्कीहरुलाई सुरक्षित राख्न चाहन्थे । चक्की बाहेक मेरो दिमागमा अरु केही थिएन ।

म तपाईलाई भन्न चाहन्छु तपाईलाई संसारले आफ्नो साथमा राख्ने छ यदि तपाई **केही चिज** आफ्नो साथ राख्न चाहनुहुन्छ भने । तपाईको हातमा तपाईको थोरै जीवन छ तर पनि तपाई मुक्ति चाहनुहुन्न । प्रभुको आर्शिवादलाई आत्मसाथ गर्नुको सट्टा मानिसहरु **जुन कुराको** पछि लागेका छन् त्यो दुःख लाग्दो छ । परमेश्वरसँग आर्शिवाद, क्षमा करुण, प्रेम र शक्ति छ जुन कुरा यो संसारमा अरुसँग छैन ।

मलाई सनफ्रान्सिस्कोको एक हस्पिटमा आइसियुमा राखियो । म त्यस हस्पिटमा धेरै समयसम्म रहे । म त्यहाँ सोच्ने गर्थे तर प्रभुको बारेमा होइन । मैले बिर्सिसकेको थिए कि त्यो डोज मलाई कसले, किन र कहाँ दियो भनेर । म कहाँ थिए भन्ने बाहेक अन्य केही पनि थाहा थिएन ।

म अस्पतालमा रहेको बेला उनीहरुले १६ अथवा १७ बर्षको केटालाई लिएर आए जो चिच्याइरहेको थियो । उसलाई तिनीहरुले पल्लो बेडमा बाँधेर र ाखे । उसले पनि ओभरडोज खाएको थियो । उसले यति धेरै एलएसडी आएको थियो कि उसको दिमाग टुङ्गोमा थिएन । मैले उसलाई नियालेर हेरें र उसलाई चिने जस्तो लाग्यो । मैले उसलाई गल्लीमा भेटे जस्तो लाग्यो । मैले चिनेका कतिपय साथीहरु होलान् जस्तो लाग्यो । अझै पनि परमेश्वरलाई मैले सम्झिएको थिइन । हामी जस्तै लागुपदार्थ सेवन गरेर पिडादायक जीन्दगी दिउने कति मानिसहरु होलान् जस्तो लाग्यो ।

शैतानले हाम्रो आत्मा अनि शरिर ध्वस्त गरिरहेछ । उ भयङ्कर  खतरनाक छ । उ खराब छ र हरेका खराब बाटोको उद्देश्य मृत्यु हो ।

म त्यो युवकको अवस्था प्रति चिन्तित भए र मलाई लाग्यो ‘यो दुःख लाग्दो कुरा हो ! म यहाँ छु उ त्यहाँ छ, हामी जस्तै कति युवा साथीहरु यस अस्पतालमा होलान ?’

केही दिन पश्चात् तिनीहरुले मलाई मानसिक कक्षमा लगे । मलाई उद्धार गर्ने क्रममा तिनीहरुले मबाट सिरिन्ज फेला पारे र मैले आत्महत्या गर्न खोजेको थाहा पाए । जतिखेर तिनीहरुले मलाई मानसिक कक्षमा लगे त्यो समयमा मेरो दिमाग यति साह्रो कमजोर भएको थियो कि मेरो स्मरण शक्ति हराएको थियो । मैले आत्महत्या गर्ने कोशिस गरेको थिए वा कसैले मलाई मार्न खोजेको थियो मलाई केही पनि थाहा थिएन । म त्यहाँ रहेको केही समयपछि थाहा पाए कि तिनीहरुले त्यहाँ मलाई मेरै भलाईका लागि राखेका रहेछन् नत्र भने म स्ट्रिकनिन सेवन गरेर मरिसक्थे होला । मैले चाहेको भए धेरै अघि नै म मरिसक्थे र प्रभुको आर्शिवादले हुनसक्छ मैले अन्तत्वगौत्वा उनीहरुलाई भने, ‘होइन, मैले आफैलाई मार्न खोजेको होइन । मलाई कसैले मार्न खोजेको थियो तर तिनीहरु को थिए भनेर म भन्दिन ।’म त्यस अस्पताबाट जुत्ता, कोट केही नलगाई बाहिर निस्के र त्यो जाडो महिनाको पहिलो दिन थियो । तपाईलाई थाहा छ मैले जान खोजेको पहिलो ठाउँ कुन थियो ? मलाई त्यो ठाउँ जान मन लागेको थियो जहाँ ती मानिसहरु थिए जसले मलाई मार्न खोजेका थिए । मेरो दिमागमा त्यो सोचाई मात्र आइरहेको थियो । ‘म तिनीहरु भए ठाउँमा जानेछु र मलाई गरेको व्यवहार प्रति तिनीहरुले क्षमा माग्नेछन् ।’ र म त्यही होटलको कोठामा गएँ ।

जव म त्यहाँ पुगेँ, तिनीहरुले मलाई राम्रो व्यवहार गरे र भने, ‘यहाँ बस, तिमीहरु अस्पताल गएका थियौ हगी ।’ तिनीहरुले आफूलाई केही थाहा नभएको बहान गरे । तिनीहरुले मलाई कौचमा राखे अनि दुध र विस्कुट खान दिए । तिनीहरु मध्ये एक जना बाहिर गयो र कसैलाई बोलाएर ल्यायो ।

त्यो मान्छेले मलाई भन्यो ‘यो फेरि फर्केर आयो । यो अझै मरेको छैन । यो त अहिले कौचमा छ ।’ मेरो त्यो कौचमा बसाई आरामदायक थिएन । उनीहरले वेसवलको व्याट लिएर आए र मरणासन्न हुनेगरी कुटे । त्यसपछि मलाई बोकेर होटलको माथिल्लो कोठामा लगे । मलाई त्यहाँ छोडे अनि भने उनीहरुले फेरि फर्केर आउने छन् । त्यतिखेर म यति शिथिल भएको थिए ।

कि म हल्लिने अवस्थामा पनि थिइन । मेरो शरिरैभरी निलडामै निलडाम थियो । मलाई लाग्छ कि तिनीहरुले मलाई मार्न खोजेका थिए । तपाईलाई थाहा छ प्रभुले मलाई भाग्नको लागि मार्ग प्रसस्त गर्नु भएको थियो ? उहाँले एक जना व्यक्तिलाई माथि पठाउनुभयो त्यो व्यक्ति झ्यालबाट मलाई सहयोग गर्न आएको थियो । त्यो मानिसको सहयोगमा म तल झरे र सनफ्रान्सिस्कोको व्यापारिक केन्द्रं हुँदै जाने क्रममा एक जना मासिनसँग सहयोगको याचना गरें ।

चार बर्ष अघि क्रिसमसको समयमा मेरो कोठामा एक जना हिरोइन दुर्व्यसनी आयो । उसले भन्यो, ' म बाहिर गएर हिरोइन किनेर ल्याउँछु, आज राति इन्जेक्सन हानी क्रिसमस मनाउनु पर्छ ।'( धेरै मानिसको लागि क्रिसमसको अर्थ यतिमात्र थियो । क्रिसमस, उनीहरुको लागि समान्य भन्दा अझ ठूलो डोज लिने अवसर थियो) । उसले भन्यो, ' तिमी मसँग  कारमा आउ र हामी त्यहाँ जाउँ ।' उ एकदम झगडालु थियो । दक्षिण सानफ्रान्सिन्सको तर्फ लाग्यो । उसले मलाई कारबाट बाहिर निकाल्यो र भन्यो म हिरोइन किनेर तिमीलाई लिन आउँछु । उसले मलाई लिन आउँदा एक घण्टा भन्दा बढी भै सकेको थियो । त्यसपछि हामीले संगै हिरोइनको सुइ हान्यौं । त्यसपछि मैले थाहा पाए, उसले हिरोइन ल्याउने क्रममा एक व्यक्ति र उसको श्रीमतीलाई गोली हानेको रहेछ । हिरोइन झिक्ने क्रममा उसले त्यहाँ खाटमा एक दुइ बर्षको बालकलाई देख्यो र उसलाई पनि गोली हान्यो । उसले तीन वटा हत्या गरेको रहेछ । उसले यो सवै गर्दा म त्यहाँ थिईन तर म पनि उक्त हत्याहरुमा अप्रतक्ष रुपले सामेल थिएँ । अहिले मलाई जहाँसम्म थाहा छ ऊ मृत्यु शैयामा छ ।

म तपाईहरुलाई भन्छु, हामी एक एक व्यक्ति यथार्थ जीवित शैतानसँग उभिएका छौ जो हाम्रो जीवन लिनको लागि संघर्ष गर्दैछ । तपाईलाई लाग्न सक्छ, तपाईले कुनै डरलाग्दो पाप गर्नु भएको छैन । तपाइलाई यो पनि लाग्न सक्छ कि तपाई नौ बर्षको छदाँदेखि जोगिदै आउनुभएको छ । तर तपाई अझ पनि डरलाग्दो शैतानको सामना गर्दै हुनुहुन्छ । उसले हरसम्भव उपाए अपनाइ तपाईलाई क्रोधित बनाउन सक्कछ । र प्रभुको सुसमाचारको बिरुद्ध जान उक्साउन सक्छ । तपाईलाई उसले पथभ्रष्ट गर्न कोशिष गर्न सक्छ । उसले तपाईलाई यस्तो कुनै काम गर्न उक्साउन सक्छ कि तपाई प्रभुको शक्तिको अगाडी गिर्नु हुन्छ । उसको षड्यन्त्र तपाईको आत्मालाई दुषित पार्नु हो र यसको लागि उसले आफ्नो सबै शक्ति प्रयोग गर्न सक्छ हामी माथिल्लो ओहोदामा रहेर मात्रमा हुँदैन । हामीले प्रभुलाई हृदयदेखि नै प्रेम गर्न सक्नु पर्छ । हामी थोरै प्रार्थना गरेर, थोरै बाइबल बढेर मुक्तिको पथमा अघि बढ्न सक्दैनौ । किनकी हामीले उन्तहृदयदेखि नै प्रभुको सेवा नगरे मौका छोपी शैतानले हामीलाई उक्साउन सक्छ । शैतान यस मौकामा तपाईको हृदयमा छिरी काम गर्न चाहन्छु

। उसले अफ्नो एक पाउ तपाईंको हृदयको ढोकामा राखि तपाईको हृदयमा प्रवेश गर्न खोज्नेछु । उसले तपार्यको हृदयमा यस्तो इच्छा जगाउने छ जुन तपाईले कहिल्यै चाहनु भएको थिएन ।

मलाई धेरै पटक आत्महत्या गर्ने इच्छा जाग्यो । मलाई यस्तो लाग्यो कि म चक्रमा फसु र आफ्नो जीवनलाई नष्ट गरुँ । म त्यस्तो ठाउँमा जान चाहन्थे जहाँ म लमपसार भइ आफ्नो जीवन अन्त गर्न सकुँ । म झ्याल नजिकैबाट जाँदै गर्दा(आफ्नो जीवनको अवस्था सम्झदाँ) झ्यालमा मुक्का हान्थें । झ्यालको काँच फुटाउँथे र काट्ने भन्ने डर पनि थिएन म मा । मलाई कुनै आराम र आनन्द चाहिएको थियो ।

अन्दाजी दुइ बर्ष मैले सनफ्रान्सिस्को स्थीत् सेन्ट फोलेजमको सानो कोठा(अन्दाजी ८ देखि १० फिटको मा बिताएँ । भत्किएको र भित्ताभरी प्वाल भएको त्यो कोठामा थुप्रै मुसा अनि साङ्लाहरु थिए । साङ्लाहरुको आक्रमणको डरले राती बत्ती निभाउन मिल्दैन थियो । बत्ती बालेकै समयमा पनि धेरै पटक साङ्लाहरु सिलिङ्गबाट मेरो अनुहारमा खसी निद्रा भंग गर्थे । बास्तबमै त्यो फोहोर ठाउँ थियो ।

म हप्तौसम्म नुहाउदैन थिए । मेरो स्वास्थ्य स्थीति दिनप्रतिदिन बिग्रदै थियो । म किराना पसलबाट चोरेर ल्याएको खाना खान्थे । म गुडविल स्टोरबाट पत्रिका चोरेर ल्याउँथे । तपाईलाई लाग्न सक्छ कि एक चोर गुडविल स्टोरदेखि बाहेका अरु ठाउँ तिर पनि त चोर्न जान सक्छ ? मैले केही पैसा बनाउथे जसले मलाई बचाई राख्न सहयोग गऱ्यो । म त्यहाँ एउटा चोर मात्र थिए । मैले मेरो जीवनमा एउटा सामान पनि चोर्छु भन्ने कहिल्यै लागेको थिएन । मलाई केटाकेटीमा देख्ने जो कसैले पनि यसले चोर्ला भनेर विश्वास गर्दैन थिए । तपाई कहिल्यै गर्छु भनेर नलागेको कुरा पनि शैतानले तपाईलाई गराउन सक्छ ।

म त्यो क्षण अझै सम्झन्छु जब म भोकले आलसतालस भएर कोठामा बसिरहेको थिए । यस्तो लाग्थ्यो कि मेरो पेटका भित्ताहरुले एक अर्कालाई छुन्थे अनि यो सबै एउटै भएर पोको परिसकेको थियो । म यति कमजोर थिएकि पवित्र मिसनले प्रदान गर्ने पवित्र खानालाई ग्रहण गर्न पंतीमा उभिने समेत सामर्थ्य थिएन । मैले सोचें यदि कर्नर स्टोर हाउसबाट मैले एक झोला गेडागुडी चोर्न सके भने यसलाई घरमा लिएर गएर सबै खानेछु । म कर्नर स्टोरमा गएपछि एक झोला गेडागुडी चोर्न खोजे । म अझै सम्झन्छु जब मैले त्यो झोला कोट मुनि लुकाउन खोजे, झोला फुट्यो अनि सबै गेडागुडी भुइमा छरियो । म त्यस्तो नाजुक अवस्थामा थिएकी मैले एक पाइलाबाट अर्को सार्न सकिन । के तपाई कल्पना गर्न सक्नुहुन्छ कि शैतानले तपाईलाई कति हदसम्म गिराउन सक्छ ?

तपाई आफ्नो अस्तित्वको लागि कहिल्यै कल्पना नगरिएका निकृष्ट काम गर्न पनि तयार हुनुहुनेछ । मेरो धेरै दिन यसरी नै गुज्रिए । उनीहरुले मलाई जसरी पनि समाते अनि स्टोर बाहिर फ्याकिदिए । उनीहरु पुलिस बोलाउन पनि हिचकिचाए । मलाई लाग्छ उनीहरुले सायद मलाई प्रहरी विभागमा राख्न समेत अयोग्य सम्झिए । अन्योलले म उक्त होटलमा भोकले आलसतालस भएर छटपटाइरहे ।

म बसेको ठाउँमा मानिसहरु चिच्याउँथे, कराउँथे, अनि चक्कुबोकेर एक अर्कालाई खेदाउँथे । हरेक दिन अनि हरेक रात एक न एक व्यक्ति छुरीको सिकार हुन्थ्यो । बेलुकी पख अथवा राति बाहिर स्टोरमा जाँदा वा फर्कदा तीन, चार जना भएर जानु पर्थ्यो । एक्लै हिड्न सकिदैनथ्यो । किनभने रक्सि खानेहरुले एक अर्काको जुत्ता, कोट, स्वीटर र यस्तै अन्य चिजहरु चोर्थे, अथवा खोस्थे । हप्ताको अन्त्यमा पत्रिकाको लागि प्रतिस्पर्धा हुन्थ्यो । रक्सि खाएर मात्नेहरुले जहाँ मन लाग्यो त्यही सत्नका लागि पत्रिका प्रयोग गर्थे । उडुस, जुम्राको कार ण रातभरी सुत्न सकिदैनथ्यो । म पापको भुमरीमा परिसकेको थिए । तर येशुख्रिष्ट त्यहाँ हुनुहुन्थ्यो जसले मलाई त्यहाँबाट मुक्त हुन सहयोग गर्नुभयो ।

एकदिनको कुरा हो, मैले मासु काट्न प्रयोग गर्न चक्कु बोकें । कहिले काहि म त्यसलाई आफ्नो सुरक्षाका लागि प्रयोग गर्थे । मलाई लाग्यो कि त्यो मेर ो अन्तिम र सच्चा साथी थियो र सोचे कि त्यसलाई आफ्नो जीवन अन्त्य गर्ने हतियारको रुपमा प्रयोग गरौं । मैले मेरो हातलाई बेसिनमा डुबाए अनि तातोपानी आउने धारा खोले । त्यसपछि उक्त छुरीले आफ्नो हात काट्ने बिचार गरे । मैले नसालु पदार्थ नलिएको धेरै भइसकेको थियो । त्यसैले बाँच्ने इच्छा नै मरिसकेको थियो । मेरो हात तातो पानीको धारामा राखे अनि हड्डीसम्म पुग्नेगरी पाखुरा काटें । मेरो त्यो हात त्यसै झुन्डिएरहेको थियो । त्यसपछि अर्को हात काट्ने बिचार गरें तर काट्न सकिन ।

मेरो कोठाको नजिकैबाट जाने क्रममा तिनीहरु मध्ये एक जनाले भित्ताभरी र झ्यालमा रगतको टाटाहरु देख्यो । तिनीहरु भित्र आए, मलाई समाए अनि एम्बुलेन्स बोलाए । म तिनीहरुबाट भाग्न चाहन्थे ताकि मर्न सकु । म त्यहाँबाट भाग्न त सफल भए तर ब्लक पर ढलेछु । तिनीहरुले मलाई अचेतन अवस्थामा फेला पारेछन् । म झण्डै मरेछु । मलाई अस्पतालमा लगेको पनि सम्झना छैन । काटेको ठाउँमा डाक्टले टाँचा लगाएको पनि सम्झना छैन । मेर ो शरिरमा यति धेरै खतहरु छन् कि ती सबै निको हुँदैनन् होला ।

परमेश्वरले तपाईलाई माफ गर्न सक्नुहुन्छ र उहाँले तपाईलाई बाटो देखाउनु हुन्छ तर पापको जीवनमा यति धेरै घाउहरु र खतहरु हुन्छन् कि ती बाट मुक्त हुन गाह्रो हुन्छ ।

म तपाईलाई हरेक पापहरु अनि घाउँहरुबाट बचाउन सक्छु त्यसैले तपाईलाई येशुख्रिष्ट र उहाँको शक्तिको बारेमा जानकारी दिदैछु । किनभने उहाँले मात्रै तपाईको रक्षा गर्न सक्नुहुन्छ । मैले यो अनुभवबाट जानेको हुँ । शैतानले तपाईलाई कब्जामा राख्नका लागि बनाएको नर्कमा पनि प्रभु पुग्नु हुन्छ र तपाईको समस्याको समाधान गर्नुहुन्छ ।

यो कुनै बिचारको कुरो हैन, न त सिद्धान्तको नै । यदि तपाईले **येशुख्रिष्टलाई हृदयदेखि नै प्रेम गर्नुभयो** भने तपाईको **नयाँ सुन्द्रर जीवन** निश्चित् छ । यदि तपाईले उहाँलाई पाउने कोशिष गर्नु भयो भने तपाईका हरेको कुराहरु विस्तारै विस्तारै ठिक हुन थाल्छन् । जब मैले प्रभुलाई भेटे तब मेरा सम्पूर्ण पिडाहरु मोचन हुँदै गरेको आभाष हुन थाल्यो । स्वतस्फूर्त तरिकाबाट समस्याहरु समाधान हुन थाले र यो प्रकृया अहिले पनि जारी छ । म उहाँको शतमार्गमा हिड्न चहान्छु । परमेश्वर को बाटोमा हिड्ने सिवाय मेरो अरु कुनै चाहना छैन । प्रभुले मलाई मुक्त गरेको र ात प्रभुप्रति मेरो जुन श्रद्धा थियो अहिले पनि त्यति नै छ घट्न पाएको छैन । प्रभुप्रतिको मेरो श्रद्धा तपाईले परिक्षण गर्न सक्नुहुन्छ । अव म पापबाट मुक्त छु । प्रभुले मलाई मुक्त गर्नु भयो, प्रभु महान् हुनुहुन्छ ।

त्यतिखेर म सन्फ्रान्सिस्कोमा थिए । प्रभुले मलाई भन्नु भयो, ‘तिम्रो जीवन मलाई दियौ भने म तिमीलाई बचाउँछु ।’ मैले आफ्नो बारेमा धेरैबेर सोच अनि भने, ‘मलाई ? **मलाई ?** मबाट तपाई के चाहनुहुन्छ ?’ त्यसपछि म भित्र ज्योति बल्यो । त्यतिखेर म मा त्यति विवेक थिएन । साच्चै भनेको, मसँग छदै थिएन । मसँग सोच्ने क्षमता नै बाँकि थिएन । म एक, दुइ घण्टा पनि सोच्न सक्दैन थिए । म ध्यान दिन सक्दिन थिए । कसैसँग कुनै बिषयमा बोल्नु पर्‍यो भने पाँच मिनेट भन्दा बढी उक्त बिषयमा बोल्न सक्दिन थिए । अन्तकृयालाई जारी राख्न अर्को बिषयमा प्रवेश गर्नु पर्‍थ्यो ।

तर जब प्रभुले मेरो आत्मालाई सम्बोधान गर्नुभयो तब केही चिज मेरो दिमागमा अढिएजस्तो लाग्न थाल्यो । उहाँले मेरो आत्मालाई सम्बोधान गरेपछि आफमा परिवर्तन आउन थालेको महसुस गरे र एक किसिमको ज्वति आएको अनुभूति गरें । मैले सोचें, ‘म यति खराब अवस्थामा छु धि म मर्दैछु । म मर्नुभन्दा केही समय अघि प्रभुले मलाई पापबाट मुक्त गर्नु भयो अब म स्वर्ग जानेछु । मलाई थाहा छ म बाच्नको लागि योग्य छैन तर अब सुखका साथ मर्न सक्छु ।’त्यतिखेर ममा बाँच्ने कुनै आसा थिएन ।

किनकी म योग्य नहुदा नहुदै पनि यदि उहाले मलाई कुनै मौका दिनु भएमा म त्यसलाई ग्रहण गर्ने छु। म वहाको सत्य मार्गमा हिड्ने छु र प्रभुको शु समचारलाई अनुशरण गर्ने छु ।

मैले मेरो साथीहरुलाई बोलाए र भने म यहाँ सानफ्रान्सिसकोमा छु। म चाहन्छु तिमीहरु यहाँ आएर मलाई सहयोग गर । म यहाँबाट बाहिर निस्कन चाहन्छु। मैले घर जानु छ। उनीहरुले भने हामी पनि त्यहीबाट मुक्त भएर आएका हौं। त्यो दुब्यसनीको नसाबाट मुक्त हुन म धेरै पटक घर गएको थिए म त्यहाँबाट धेरैचोटी बाहिर सडकमा निस्किएको थिए। मैले अफैंलाई भन्थे त अज्ञानी छस् । अनि धेरै धेरै बिरामी छन् । त्यसैले लाग्थ्यो अव सायद म मर्छु होला तर प्रभुले मलाई भन्नुभयो उहाँले मलाई बचाउनु हुनेछ। म बास्तबमै प्रभुको सरणमा सुर क्षित थिए। प्रभुले बास्तबमै मलाई मुक्ति दिदै हुनुहुन्छ। उनीहरुले भने हामीलाई बास्तबमै थाहा छेन तिमी हामीलाई भोलि बिहान खबर गर अनि हामी तिमीलाई जानकारी दिनेछौं ।

त्यो सम्पूर्ण रात मैले प्रार्थना गरे, 'प्रभु, हजुरलाई थाहा छ मेरो जीवनको रक्षा हजुरको सहयोगमा भएको हो । त्यसैले म यहाँबाट उन्मुक्ति पाउनको लागि प्रभुको सरणमा आएको छु।प्रभु मलाई यिनै गल्लीहरु अनि ढोकाहरुको चंगुलमा प्राथर्ना गरी मुक्ति दिने कोही पाउन गाह्रो हुनेछ तर प्रभुको सहयोगमा म यहाँबाट मुक्त भएर अलिकति समय पाए भने मेरो लागि प्रार्थना गर्ने कोही पाउनेछु। म प्रभुको प्रार्थनामा तल्लिन रहनेछु। प्रभुको स्तुतिगान गाइरहनेछु ।

भोलिपल्ट मैले साथीहरुलाई बोलाउँदा मसँग थोरै मात्र आसा बाँकि थियो। साथीहरुमा पनि म प्रति ठूलो भरोसा र विश्वास थिएन। मलाई ठूलो बिचार का साथ बोलाए जस्तो लाग्दैन। भोलिपल्ट जब मैले उनीहरुलाई बोलाए उनीहरुले मेरो लागि त्यहाँ आउने कुरो बताए। बास्तबमै उनीहरु आए अनि मलाई मुक्त गर ।

जब मैले मेरो बाबा, आमाको आँखामा दुःख अनि पिडाको सागर मेरो उपस्थितिले ल्याएको देखे, उनीहरुले मलाई अर्धमृत अवस्थामा, राम्ररी हिड्न, देख्न, सोच्न अनि सिधा खान खान पनि नसक्ने अवस्थामा पाउने छन् ।

मैले मेरो सम्पूर्ण सामानहरु मागेको एउटा सानो रातो सुटकेस भित्र र खेको थिए। मसँग भएका सम्पूर्ण सामानहरु त्यही सुटकेस भित्र थिए। तपाईलाई थाहा छ म कति धेरै त्यो रातो सुटकेस प्रति होसियार थिए ? जब मेरो बुबाले त्यो सुटकेस बोक्ने इच्छा प्रकट गनुभयो, मैले उहाँलाई भने, पर्दैन। म आफैं बोक्छु।

म त्यहाँ थिए। मैले तीन हप्तादेखि नहाएको जस्तो लाग्दैन। मैले रातो सानो सुटकेस बोकी दुइतीन घरपरी रोकिएको कारसम्म पुऱ्याएर अनि बुबालाई डिकी खोल्न अनुरोध गरे हामीले सावधानीपुर्वक सुटकेसलाई डिकिमा राख्यौं ।

जव हामी घर पुग्यौं, मेरो पेटमा नसा छेड्दाको समस्या महसुस गरे । म भन्दिन कि मलाई केही समस्या भएन

भनेर तर प्रभुले ती सम्पूर्ण इच्छाहरुलाई टाढा हटाइदिनु भयो । जब प्रभु मेरो आत्मामा लिन हुनुभयो तब मलाई कुनै पाप गर्ने इच्छा पलाएन ।

जब घर पुगे आमाले झोला खोल्ने इच्छा गर्नुभयो । उहाँले सुटकेसलाई खाटमा राख्नुभयो । मैले व्यागमा के के बोकेको थिए समेत मलाई राम्ररी संझना थिएन । जव उहाँहरुले भन्नुभयो, मेरो दिमाग यताउता सलबलायो । जब हामीले सुटकेस खोल्यौ, मेरा सामानहरु देख्दा मलाई रुन मन हुन्थ्यो । मसँग एउटा कसैले दिएको सर्ट थियो त्यो पनि धेरै ठूलो अनि एक जोर जिन्स जुन प्वाल परि सकेको थियो । प्यान्टमा रगतका टाटाहरु थिए । मसँग नलेख्ने केही कलम अनि सिसा कलम, रवर ब्याण्ड, पेपर क्रिप्स, केही सडकमा भेट्टाइएका कागजका टुक्राहरु थिए । अझै पनि सुटकेस सडकमा भेट्टाइएका सामानहरुले भरिएको थियो । मैले उन्नाइसै बसन्तसम्म पाएका बहुमुल्य सामानहरु यिनै थिए ।

प्रिय साथीहरु म तपाईलाई विश्वस्त दिलाउन चाहन्छु कि सैतानले तपाईलाई पछ्याउन छोड्ने । उनी तपाईसँग  मात्र रित्तो रातो सुटकेस हुनेछ । म तपाईलाई प्रभुको सरणमा पर्न अनुरोध गर्दछु । प्रभुको सरण बास्तबमै तपाईको आजको जीवन भन्दा राम्रो हुनेछ । यदि तपाईले गह्रौ भारी बोक्नु भएको छ अथवा यदि तपाईंलाई अव के गर्ने भन्ने थाहा छैन भने आउनुस् प्रभै यशुख्रिष्टसँग तपाईको लागि रातो सुटकेस अवस्य हुनेछ । आफ्नो आत्मालाई प्रभुको आर्शीवाद लिदै, आनन्दको संसारमा यात्रा गर्नुहोस् । एकपटक प्रभुको सरण पाएपछि तपाई कहिल्यौ पर जानुहुनेछ । प्रभुको स्तुति गाऔं । प्रभुको चरणमा, प्रभुको सरणमा हाम्रो बहुमुल्य जीवन धन्य बनाऔं ।

**- ब्रदर डानियल लायन**



## उहाँले मलाई उद्धार गर्नुभयो

म पाप र निराशाको भुमरामा जकाडएका थिए
पिडा र आर्तनादको बोझले थिचिएको थिए
दु:ख र पिडाहरु मेरा समकालिन मित्र थिए
यशु आउनुभयो र मलाई त्यो खाडलबाट मुक्त गर्नुभयो

उहाँले मलाई दलदलबाट माथि ल्याउनुभयो
उहाँले मेरो मार्ग प्रसस्त गर्नुभयो
उहाँले मलाई स्वर्गको बाटो देखाउनुभयो
उहाँको आर्शिवादले मेरो आत्मा पवित्र भयो ।

म प्रभुबाट टाढा कतै भौतारिरहेको थिए
पापको भुमरिमा म जकडिएर रुमलिरहेको थिए
मलाई त्यतिखेर कसैको सहाराको खाँचो थियो
र प्रभु आउनुभयो र मलाइ बचाउनुभयो

म सुख्खा बालुवामा सपनाको महल बनाउँदै थिए
चिसो सुख्खा जमीनमा आफ्नो भविष्य खोज्दै थिए
त्यतिखेरै शैतान करोयो,'त मेरो जन्जालमा परिस्'
अनि फेरी येशुले मलाई बचाउनुभयो

मेरो हृदय पापबाट मुक्त भयो र म स्वर्गको बाटो लागे
पापको चक्रमा भौतारिने काम समाप्त भयो
प्रभुको आर्शिवादले म पवित्र भए
प्रभु महान हुनुहुन्छ ! उहाँले मलाई बचाउनुभयो ।

-लरेन्स ब्रुक्स



ब्रदर डानियल लायनको फाटो, जव वहाँ पापमा हुनुहुन्थ्यो ।





ब्रदर डानियल पापबाट मुक्त भएपछि
(1983)



**(2002)**